नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरले मिति २०८३/०३/१८ गते श्री गृह, संचार तथा कानून मन्त्रालय, मधेश प्रदेशका मा. मन्त्री श्री फकिरा महतोज्यूको नेतृत्वमा संयुक्त अनुगमन टोलीले विभिन्न खाद्यान्न पसल, होटल तथा होटेलहरुको अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागी यो विवरण जारी गरिन्छ।

| क्र. सं. | खाद्य व्यवसायको नाम | अनुगमन गर्दाको अवस्था | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | बाबाको ढावा होटल, लक्ष्मीनिया वार्ड नं. ७, धनुषा | • फाइङ्ग तेलको गुणस्तर परीक्षण गर्दा TPM ३० भई मापदण्ड प्रतिकूल पाइएको<br>• बिक्री वितरणका लागि राखिएको खाद्य पदार्थहरु व्यवस्थित तरिकाले छोपेर वा स्वच्छ तरिकाले सुरक्षित नराखिएको<br>• फ्रिजमा शाकाहारी र मांसाहारी परिकार सँगै राखिएको<br>• होटलको सरसफाइ सन्तोषजनक नरहेको। | • करिब तिन (३) लिटर अन्दाजी मुल्य रु. १,२००/- (अक्षरुपी बाह्र सय मात्र) बराबरको तेल स्थलमै जफत गरी नष्ट गरिएको<br>• बिक्री वितरणका लागि राखिएका खाद्य पदार्थहरु खुला रुपमा राखिएको तथा अस्वच्छ तरीकाले राखिएको पाइएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम जिल्ला प्रशासन कार्यालय धनुषाको श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारीबाट रु. ३५,०००/- (अक्षरुपी पैतिस हजार मात्र) जरिवाना गरिएको। |
| २. | होटल रोयल सम्राट मिथिला नगरपालिका-६, ढल्केवर | • म्याद सकेको खाद्य पदार्थ बिक्री वितरण गरेको पाइएको<br>• कराईमा तेल खुल्ला राखेको पाइएको परीक्षण गर्दा TPM २३.२% पाइएको<br>• तिन (३) के. जी. अदुवा लसुनको पेष्ट गन्हाएको अवस्थामा पाइएको | • तिन (३) के. जी. म्याद सकेको चिली सस, गुणस्तर बिग्रेर प्रयोग गर्न योग्य नरहेको करिव दुई (२) के. जी. अदुवा-लहसुनको पेस्ट स्थलमै अनुगमन टोली द्वारा जफत गरी नष्ट गरिएको<br>• उपयुक्त बमोजिमका कैफियत पाइएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम |

| | | | |
|---|---|---|---|
| | | • फोहरदानी खुल्ला र फोहर अवस्थामा राखेको पाइएको। | जिल्ला प्रशासन कार्यालय धनुषाका श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारीबाट रु. ५,०००/- (अक्षरुपी पाँच हजार मात्र) जरिवाना गरिएको। |
| ३. | न्यू धनकुट्टे होटल एण्ड लज, मिथिला नगरपालिका-६, ढल्केवर | • होटलको सरसफाइ सन्तोषजनक नरहेको<br>• खाद्य पदार्थको भण्डारणमा ध्यान नदिएको पाइएको<br>• लेबल विवरण यकिन गरी खाद्य पदार्थ बिक्री वितरण नगरेको पाइएको। | • होटल तथा रेष्टुरेन्टको सरसफाइलाई उच्च प्राथमिकतामा राखी स्वच्छ तथा सुरक्षित वातावरणमा तयारी खाद्य पदार्थको भण्डारण तथा बिक्री वितरण गर्न निर्देशन दिइएको<br>• खाद्य पदार्थको उत्पादन मिति, उपभोग्य मिति, उत्पादकको नाम यकिन गरी मात्र उपभोक्तालाई बिक्री वितरण गर्न अनुगमन टोलिले आवश्यक निर्देशन दिइएको। |
| ४. | कोशी होटल मिथिला नगरपालिका-६, ढल्केवर | • होटलको सरसफाइ सन्तोषजनक नरहेको<br>• खाद्य पदार्थको भण्डारणमा ध्यान नदिएको पाइएको<br>• लेबल विवरण यकिन गरी खाद्य पदार्थ बिक्री वितरण नगरेको पाइएको। | • होटल तथा रेष्टुरेन्टको सरसफाइलाई उच्च प्राथमिकतामा राखी स्वच्छ तथा सुरक्षित वातावरणमा तयारी खाद्य पदर्थको भण्डारण तथा बिक्री वितरण गर्न निर्देशन दिइएको<br>• खाद्य पदार्थको उत्पादन मिति, उपभोग्य मिति, उत्पादकको नाम यकिन गरी मात्र उपभोक्तालाई बिक्री वितरण गर्न अनुगमन टोलीले आवश्यक निर्देशन दिइएको। |
| ५. | न्यू चितवन होटल मिथिला नगरपालिका-६, ढल्केवर | • होटलको सरसफाइ सन्तोषजनक नरहेको<br>• खाद्य पदार्थको भण्डारणमा उचित ध्यान नदिएको पाइएको। | • होटल तथा रेस्टुरेन्टको सरसफाइलाई उच्च प्राथमिकतामा राखी स्वच्छ तथा सुरक्षित वातावरणमा तयारी खाद्य पदर्थको भण्डारण तथा बिक्री वितरण गर्न निर्देशन दिइएको<br>• खाद्य पदार्थको उत्पादन मिति, उपभोग्य मिति, उत्पादकको नाम यकिन गरी मात्र उपभोक्तालाई बिक्री वितरण गर्न अनुगमन टोलिले आवश्यक निर्देशन दिएको। |
| ६. | होटल पुरानो धनकुटे, मिथिला नगरपालिका-६ | • होटलको सरसफाइ सन्तोषजनक नरहेको। | • कैफियतमा देखिएका कुराहरु सुधार गरी जानकारी गराउन निर्देशन दिइएको। |
| ७. | माँ भवानी होटल एण्ड गेष्ठ हाउस, | • होटलको सरसफाइ सन्तोषजनक नरहेको | • होटल तथा रेष्टुरेन्टको सरसफाइमा विशेष ध्यान दिई स्वच्छ, तथा सुरक्षित वातावरण |

| | | | |
|---|---|---|---|
| | मिथिला नगरपालिका-६, ढल्केवर | • खाद्य पदार्थको भण्डारणमा ध्यान नदिएको पाइएको<br>• खाने कुरा तयार गर्ने भान्सा तथा उपभोक्ताले खाना खाने स्थलमा अत्याधिक गर्मी भएको पाइएको। | कायम गरी खाद्य पदार्थको तयारी, भण्डारण तथा बिक्री वितरण गर्न निर्देशन दिइएको<br>• भान्सा तथा उपभोक्ताले खाना खाने स्थलमा अत्याधिक गर्मी भएको पाइएकोले उपभोक्ता तथा भन्सामा कार्यरत कार्मचारीका लागि उक्त स्थानहरुमा एयर कन्डिस्नर/एसीको व्यवस्था गर्न अनुगमन टोलीले निर्देशन दिइएको। |
| ८. | होटल राजदरबार जनकपुधाम उपमहानगरपालिका -१४, मुजेलिया | • होटलमा प्रयोग गर्नका लागि राखिएको केही खाद्य पदार्थ (दूध) मा आवश्यक लेबल विवरण उल्लेख नभएको पाइएको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • खाद्य पदार्थ (दूध) मा अनिवार्य रुपमा राख्नुपर्ने विवरण उल्लेख नभएको पाइएकोले उक्त खाद्य सामाग्रीहरु अनुगमन स्थलमै जफत गरी नष्ट गरिएको थियो<br>• उत्पादन मिति, उपभोग्य मिति, उत्पादकको नाम यकिन गरी मात्र खाद्य पदार्थ बिक्री बितरण गर्न सम्बन्धितलाई निर्देशन दिइएको। |
| ९. | बाजेको सेकुवा जनकपुरधाम उपमहानगरपालिका-१४, मुजेलिया, धनुषा जिल्ला | • भान्सामा झिँगाको अत्याधिक उपस्थिति भएको पाइएको<br>• प्लास्टिक चपिंग बोर्ड जीर्ण एवं अनुपयुक्त अवस्थामा रहेको पाइएको<br>• सडेगलेको प्याज प्रयोग गरिरहेको पाइएको<br>• खाने तेलको गुणस्तर सन्तोषजनक नरेहेको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको। | • उपयुक्त कैफियतको आधारमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीबाट सम्बन्धित व्यवसायीलाई रु. ७५,००० (अक्षरुपी पचहत्तर हजार मात्र) जरिवाना गरिएको। |
| १०. | बर्गर हाउस जनकपुरधाम उपमहानगरपालिका-१४, पिडारी चोक धनुषा जिल्ला | • म्याद समाप्त (Expired) भएका खाद्य पदार्थहरू समेत बिक्री वितरणका लागि राखेको पाइएको<br>• फ्राइङ्ग गर्दै गरेको तेलमा TPM २५ भई मापदण्ड प्रतिकूल पाइएको | • होटलको भान्सा भित्र अत्याधिक गर्मी रहेको, कर्मचारी तथा खाद्य पदार्थको स्वच्छतामा प्रतिकूल प्रभाव पर्न सक्ने अवस्था देखिएकाले उक्त स्थानमा उपयुक्त एयर कन्डिसनर/एसी को व्यवस्था गर्न निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| | | • फोहरदानी खुल्ला अवस्थामा राखेको पाइएको<br>• फ्रिजमा काँचो तथा पाकेको खाद्य पदार्थ एकै ठाउँमा नछोपी भण्डारण गरिएको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• भान्सामा अत्याधिक गर्मी रहेकोले तयार भएको खानेकुरा बिग्रिने जोखिम उच्च रहेको।<br>• कच्चा पदार्थ भण्डारणको अवस्था सन्तोषजनक नरहेको। | • उपभोक्त संरक्षण ऐन २०७५ बमोजिम जिल्ला प्रशासन कार्यालय धनुषाको श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारीले रु. ३५,०००/- (अक्षरुपी पैंतीस हजार मात्र) स्थलगत जरिवाना गरिएको। |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२२

<u>अनुगमनका झलकहरू</u>












